


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ७४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ चैत १५ गते मंगलबार ❑ 29 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## न्यायिक समितिको क्षेत्राअधिकार बढाउन माग

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ चैत**

न्यायिक समितिको क्षेत्राअधिकार बढाउन माग गरिएको छ । पोखरा महानगरपालिका न्यायीक समितिको आयोजनामा पोखरामा न्यायीक समितिको सोमबार भएको राष्ट्रिय सम्मेलनको उद्घाटन सत्रमा वोल्ने वक्ताहरुले न्यायीक समितिको क्षेत्राअधिकार बढाउन माग गरेका हुन् ।



वक्ताहरुले न्यायिक समितिलाई थप प्रभावकारी, जनता मैत्रि बनाउन श्रोत साधन सम्पन्न बनाउन आवश्यक भएको बताए । राष्ट्रपति विद्यादेवी भण्डारीले उक्त राष्ट्रिय सम्मेलनको सोमबार उद्घाटन गर्दै न्यायिक समिति कुनै समुह तथा व्यक्तिबाट प्रभावित हुन नहुने बताइन् । राष्ट्रपति भण्डारीले न्यायिक समितिले पीडित सर्वसाधारणलाई न्याय दिलाउनु नै न्यायीक समिति लोकतन्त्र र सभ्यताको बाहक भएको बताईन् । न्याय माग्नेलाई न्याय दिने र पीडकलाई दण्ड र जरिवाना गर्ने कुरा चानचुने कुरा नभएकाले यसमा गाम्भीर्यता जरुरी रहेको उहाँको भनाई थियो । संघियताको पहिलो कार्याकालमा न्यायिक समितिको केही आधारभुत काम गरेको बताउदै राष्ट्रपति भण्डारीले आगामी दीनमा आम जनतामा यस समिति थप प्रभावकारी हुने बताइन्। कार्यक्रममा केही सहभागिहरुले न्यायीक समितिको क्षेत्राधिकार बढाउनु पर्ने माग गरेको बिषयलाई अब सम्बोधन गर्ने पर्ने उनको भनाई थियो । गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले संविधानले दिएको अधिकारलाई भरपूर्ण रुपमा प्रयोग गरी न्यायीक समितिले काम गर्नुपर्ने बताए । न्यायीक समितिलाई हाल सिमित क्षेत्रअधिकार किटान गरेकाले सोअनुसार न्याय सम्पादन गर्न उनले सुझाव दिए । गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले न्यायीक समितिको क्षेत्राधिकार सहित श्रोत र साधन सम्पन्न बनाउनुपर्नेमा जोड दिए । त्यसका लागि प्रदेश सरकार सदैव सकारात्मक रहेको उनको भनाई थियो । न्यायीक समितिको क्षेत्रअधिकार बिस्तार गरेर सामान्य प्रकारका न्यायका लागि अदालत जानुपर्ने बाध्यता हटाउनुपर्ने मुख्यमन्त्री पोखरेलको भनाई थियो । उच्च अदालत पोखराका मुख्य न्यायाधीस डिल्लीराज आचार्यले न्यायीक समितिलाई श्रोत र साधनको अभाव हुनुका साथै क्षमता अभिवृद्धि र समर्पणको खाँचो भएका भएको बताए । उनले भने,' न्यायीक समितिको क्षेत्राअधिकार विस्तारसंगै न्यायीक समितिलाई श्रोत र साधन सम्पन्न बनाउने, दक्षता अभिवृद्धिका लागि वर्षेनी तालिमको आयोजना र दलीय भावना त्यागेर न्याय दिलाउने समर्पण भाव जगाउन आवश्यक छ ।' न्यायीक समितिको क्षेत्रअधिकार अपर्याप्त भएको टिप्पढी गर्दै उनले न्यायीक समिति भनेको जन निर्वाचित न्यायाधीस भएको दाबी गरे । जिल्ला समन्वय समिति महासंघका अध्यक्ष नवराज गिलालले न्यायीक समिति पछिल्लो बर्षमा थप प्रभावकारी हुदै आएको बताए । प्रभावकारी बन्दै गएको बताए । जिल्ला समन्वय समिति महासंघका पूर्व अध्यक्ष सीता सुन्दासले न्यायीक समितिलाई अझ प्रभावकारी बनाउनका लागि श्रोत र साधन सम्पन्न बनाउने, सचिवालय स्थापना गर्ने लगायतका काम गर्नुपर्ने बताइन्। पोखरा महानगरका मेयर मान बहादुर जिसीले न्यायीक समितिले विपन्न तथा गरिव परिवारका जनतालाई न्याय दीलाउन धेरै सहज भएको दाबी गरे । सम्मेलनमा देशभरका न्यायीक समितिका प्रमुखहरु तथा अन्य सदस्यहरुको सहभागिता रहेको छ । आयोजक पोखरा महानगरपालिका न्यायीक समितिकी प्रमुख मञ्जुदेवी गुरुङका अनुसार देशभरका करीब ७ सय जना न्यायीक समितिका प्रमुख तथा सदस्यहरुको सम्मेलनमा सहभागिता रहेको छ ।

पोखरा महानगरपालिका न्यायीक समितिकी प्रमुख मञ्जुदेवी गुरुङले न्यायीक समिति विवादको समाधान गर्ने जनताको पहुँच भएको निकाय भएको बताइन्। लामो, झञ्झटिलो, महङ्गो एवम् औपचारिक न्याय प्रणालीबाट प्रताडित सर्वसाधारणलाई स्थानिय स्तरमा नै न्याय प्रदान गर्ने र मेलमिलाप गराउने कार्य गरेर न्यायीक समितिले जनताको विश्वास जितेको उनको दाबी छ । कार्यक्रममा कार्यपत्र प्रस्तुतः गर्दै प्रमुख गुरुङले न्यायीक समिति र अदालत दुबैतर्फ उजुरी गर्न मिल्ने दोहोरो क्षेत्राधिकारको प्रयोगले न्याय सम्पादनमा विरोधाभास र अन्यौलता हुने गरेको समेत गुनासो गरिन् । निर्णय वा फैसला कार्यान्वयन गर्न आफ्नो छुट्टै संयन्त्र नहुँदा जटिलता उत्पन्न भएको, मिलापत्र गराउँदा त्यसको कार्यान्वयन नभएमा दण्डित गर्नसक्ने अधिकार भएपनि कार्यान्वयन प्रभावकारी नभएको, म्याद तामेली प्रक्रियामा जाँदा पालिका भन्दा बाहिरको कार्यक्षेत्रमा म्याद तामेली प्रक्रिया चुनौतिपूर्ण रहेको, विवादको फैसला र मानाचामल भराउन आदेश दिदा फिल्डमा गएको अवस्थामा बिना प्रमाण पक्षका कुरा सुन्ने प्रवृत्तिले मुद्धाको मिसिलमा प्रमाण तथा अभिलेख नरहने, कार्यक्षेत्रगत ज्ञानको अभावल गायतका कारण पनि न्याय सम्पादन चुनौतिपूर्ण रहेको प्रस्तुतः कार्यपत्रमा उल्लेख छ ।

## ऊर्जामन्त्री भुसालद्वारा लाहाचोक सवस्टेशन उद्घाटन

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ चैत**

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले कास्कीको माछापुच्छ्रे गाउँपालिका-४ लाहाचोकमा निर्माण गरिएको 'लाहाचोक १३२/३३/११ केभी' प्रसारण लाइन सवस्टेशनको उद्घाटन गर्नुभएको छ ।



मन्त्री भुसालले आगामी दुई वर्षभित्रमा सबै नेपालीका घरमा केन्द्रीय प्रसारण लाइनको विद्युत् पुऱ्याउने गरी सरकारले नीति, कार्यक्रम र योजना बनाएको उल्लेख गर्नुभयो । उहाँले नेपालका नदी, नालाबाट अधिकतम विद्युत् उत्पादनका लागि देशभित्रको लगानीसहित अन्तर्राष्ट्रिय लगानी र साझेदारी खोजिने बताउनुभयो ।

उहाँले भन्नुभयो, "राजनीतिक प्रणालीमा परिवर्तनपछि जलविद्युत्को विकासमा सरकारी प्रयास अघि बढेको छ । निजी क्षेत्रका लागि पनि यो खुला गरिएको छ । अहिले बत्तीका लागि होइन ऊर्जाका हरेक क्षेत्रमा विद्युत् प्रयोग गर्ने र पेट्रोलियम पदार्थ, दाउरा र एलपी ग्यासलाई विस्थापित गर्ने अवस्थामा पुगेका छौँ ।" पानीलाई बिजुलीमा रुपान्तरण गरेर बिजुली अन्तर ष्ट्रिय बजारमा बिक्री गरी अहिलेको असन्तुलित व्यापार घाटा सन्तुलनमा ल्याउने गरी मन्त्रालयले काम गरिरहेको मन्त्री भुसालले बताउनुभयो ।

सरकारले आगामी १० वर्षमा १५ हजार मेगावाट विद्युत् उत्पादनको लक्ष्य राखेको र सो विद्युत् नेपालमा मात्र खपत हुन नसक्ने भएकाले आन्तरिक खपतमा वृद्धि गर्दै विद्युत् व्यापारका लागिसमेत कार्य अघि बढाइको मन्त्री भुसालको भनाइ थियो । उहाँले भन्नुभयो, "गत वर्ष भारतसँग ७५ मेगावाट विद्युत् बिक्री गरेर व्यापारको सुरुआत गरेका छौँ । आगामी वर्ष ५०० देखि ७०० मेगावाट विद्युत् बिक्री गर्ने योजना छ ।"

देशभित्र हाल कुलेखानीबाहेकको अर्को रिजर्भ (जलाशययुक्त) आयोजना नहुँदा हिउँद याममा भारतसँग बिजुली खरिद गर्नुपर्ने बाध्यता रहे पनि अर्को वर्षदेखि आत्मनिर्भर बन्ने अवस्था आउने मन्त्री भुसालले बताउनुभयो । गण्डकी प्रदेशका अर्थमन्त्री रामजीप्रसाद बरालले सवस्टेशनलगायत प्रसारण लाइन निर्माणका क्रममा स्थानीयवासी प्रभावित भएकाले सरकारले उचित मुआब्जा दिनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "सवस्टेशन र प्रसारण लाइनका टावर राख्ने क्रममा यहाँका बासिन्दा पीडित छन् । उनीहरुलाई चित्त बुझाउने काम सरकारले गर्नुपर्छ ।" ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव देवेन्द्र कार्कीले लाहाचोक सवस्टेसन निर्माण र सञ्चालनसँगै विद्युत् आपूर्ति र गुणस्तरमा सुधार आउने बताउनुभयो । उहाँले स्थानीय जनताको सहयोगप्रति आभार व्यक्त गर्नुभयो । "जनताको सहभागिताविनाको विकास दिगो हुँदैन । त्यसैले जनताको माग सुनुवाइ गर्दै अघि बढ्छौँ", कार्कीले भन्नुभयो ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले नयाँ मोदी-लेखनाथ प्रसारण लाइन र यसअन्तर्गतका सवस्टेशनबाट ग्रामीण क्षेत्रसहित पोखराको आधा भूभागमा विद्युत् सेवामा सुधार आउने बताउनुभयो । राष्ट्रिय प्रसारण लाइन नपुगेका कास्कीका विकट गाउँमा समेत विद्युत् विस्तार गर्न प्राधिकरण तत्पर रहेको उहाँको भनाइ थियो ।

माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कर्णबहादुर गुरुङले गाउँपालिकाअन्तर्गत हाल मर्दी खोलामा दुई र सार्दीखोलामा एक जलविद्युत् आयोजना निर्माण सम्पन्न भएको र सेतीमा दुई आयोजना निर्माणका क्रममा रहेको जानकारी दिनुभयो । उहाँले गाउँपालिकाबाट १४३ मेगावाट जलविद्युत् केही महिनाभित्रमा राष्ट्रिय प्रसारणमा जोडिने भएकाले जलस्रोतबाट नै पालिकाको समृद्धि हुने विश्वास व्यक्त गर्नुभयो । नेपाल सरकार, नेपाल विद्युत् प्राधिकरण र भारतको एक्जिम बैंकको ऋण लगानीमा सो सवस्टेशन निर्माण गरिएको आयोजना प्रमुख रोशन अग्रवालले जानकारी दिनुभयो ।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## प्रधानमन्त्री देउवा शुक्रबार भारत भ्रमणमा जाँदै

**रासस**
**काठमाडौं, १४ चैत**

प्रधानमन्त्री शेरबहादुर देउवाले आगामी शुक्रबारदेखि मित्रराष्ट्र भारतको औपचारिक भ्रमण गर्नुहुने भएको छ ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको मैत्रीपूर्ण निमन्त्रणामा प्रधानमन्त्री देउवाले यही चैत १८ देखि २० गतेसम्म भारतको भ्रमण गर्न लाग्नुभएको हो । प्रधानमन्त्रीका साथ उहाँकी धर्मपत्नी डा आरजु राणा देउवा पनि रहनुहुनेछ । प्रधानमन्त्रीको टोलीमा परराष्ट्रमन्त्री डा नारायण खड्का, नेपाल सरकारका अन्य वरिष्ठ मन्त्री, सचिव र अधिकारी सहभागी हुने परराष्ट्र मन्त्रालयले जनाएको छ । भ्रमणले नेपाल र भारतबीचको बहुआयामिक, सदियौँ पुरानो र सौहार्दपूर्ण सम्बन्धलाई थप प्रगाढ बनाउने विश्वास उक्त मन्त्रालयले व्यक्त गरेको छ । भ्रमणका क्रममा प्रधानमन्त्रीले भारतका उपराष्ट्रपति एवम् वेंकैया नायडूसँग शिष्टाचार भेट गर्ने कार्यक्रम छ । प्रधानमन्त्रीले चैत १९ गते हैदरावाद हाउसमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग प्रतिनिधिमण्डलस्तरीय वार्ता गर्नुहुनेछ । भारतका प्रधानमन्त्रीले प्रधानमन्त्री देउवा र उहाँको प्रतिनिधिमण्डलको सम्मानमा दिवा भोजको आयोजना गर्नुहुनेछ ।

त्यसैगरी, प्रधानमन्त्री देउवासँग विदेशमन्त्री एस जयशङ्कर तथा भारत सरकारका राष्ट्रिय सुरक्षा सल्लाहकार शिष्टाचार भेट गर्नुहुनेछ । नयाँदिल्लीमा रहँदा प्रधानमन्त्री देउवाले व्यापारी समुदायको भेलालाई सम्बोधन गर्ने कार्यक्रम छ । चैत २० गते काठमाडौँ फर्कनुअघि प्रधानमन्त्रीले वाराणसीको पनि भ्रमण गर्नुहुनेछ । गत असारमा वर्तमान सरकारको नेतृत्व लिएपछि प्रधानमन्त्रीबाट हुन लागेको यो पहिलो द्विपक्षीय विदेश भ्रमण हो । भारत र नेपालबीच शताब्दीऔँ पुरानो विशेष मित्रता एवं सहयोगको सम्बन्ध रहेको छ । हालका वर्षमा आपसी साझेदारीले सहयोगका सबै क्षेत्रमा उल्लेखनीय वृद्धि देखाएको छ । यो भ्रमणबाट दुई पक्षबीचको घनिभूत सहकार्य र साझेदारीलाई थप सघन तुल्याउन तथा दुई देशका जनताको हितका विषयलाई अगाडि बढाउने अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ ।


## अप्ठेरो पर्दा सधैँ रोल्पा सम्झन्छु : अध्यक्ष प्रचण्ड

**रासस**
**काठमाडौं, १४ चैत**

पूर्वप्रधानमन्त्री एवम् नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले रोल्पामा आफूलाई अप्ठेरो भर्दा सधैँ रोल्पा सम्झने गरेको बताउनुभएको छ ।

पूर्वप्रधानमन्त्री प्रचण्डले रोल्पा सदरमुकाम लिवाङमा सोमबार आयोजित जनसभालाई सम्बोधन गर्दै भन्नुभयो, "विगतमा पनि आफूलाई अप्ठेरो पर्दा रोल्पा आई नयाँ ऊर्जा लिएर फर्कन्थे ।" पछिल्लो राजनैतिक परिवर्तनमा रोल्पाको ठूलो योगदान रहेको प्रचण्डले स्मरण गर्नुभयो ।

"हिजो क्रान्तिको किल्ला रहेको रोल्पा अब विकास र समृद्धिको किल्ला बन्नुपर्छ", प्रचण्डले भन्नुभयो । माओवादी केन्द्र जिल्ला समन्वय समिति रोल्पाले आयोजना गरेको जनसभामा प्रमुख अतिथि रहनुभएका प्रचण्डले दशवर्षे सशस्त्र युद्धको स्मरण गर्नुभएको हो । सशस्त्र युद्धलाई नयाँ उचाइ दिन रोल्पा र रुकुमले आधार इलाकाका रूपमा महत्वपूर्ण भूमिका खेलेको प्रचण्डको भनाइ थियो । जनसभालाई सम्बोधन गर्नुपूर्व आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष प्रचण्डले आफूहरू एक्लै निर्वाचनमा होमिने गरी तयारी गरिरहेको बताउनुभयो । "गठबन्धनको बलमा हैन आफ्नै ताकतमा चुनावमा जाने हो", उहाँले भन्नुभयो । पूर्वप्रधानमन्त्री प्रचण्डले रोल्पा नगरपालिकाले सातदोबाटोमा निर्माण गरेको जनयुद्ध स्मृति भ्यू टावरको उद्घाटन गर्नुभएको थियो । भ्यू टावर उद्घाटनका क्रममा प्रचण्डले रोल्पाले विकासको नयाँ मोडेल दिनुपर्ने बताउनुभयो । "रोल्पाले ध्वंश मात्र हैन निर्माण पनि गर्छ भनेर जवाफ दिनुपर्ने बेला आएको छ", प्रचण्डले भन्नुभयो ।



का.जि.द.नं. ५६/०५६ प.क्षे.हु.द.नं. ३/०६३/०६४


# बालबालिकालाई विद्यालयमै टाइफाइडविरुद्धको खोप

–कृष्ण दवाडी
पोखरा, १४ चैत (रासस)

कोभिड महामारीविरुद्धको खोपकार्यक्रमजारीरहेकैअवस्थामा गण्डकी प्रदेशमा जनस्वास्थ्यको समस्याका रुपमा रहेको टाइफाइड रोगविरुद्धको खोप अभियान सञ्चालन गरिने भएको छ।

राष्ट्रिय खोप कार्यक्रमअन्तर्गतनै प्रदेशका ११ जिल्लाका पाँच लाख ६० हजार २२७ बालबालिकालाई पहिलोपटक टाइफाइडविरुद्धको खोप दिन लागिएको छ । बहुवर्षीय खोप कार्ययोजना सन् २०१७-२१ को लक्ष्यअनुरुप यही चैत २५ गतेदेखि वैशाख १८ गतेसम्म खोप कार्यक्रम सञ्चालन हुने प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ।

टाइफाइडविरुद्धको खोप १५ महिनादेखि १५ वर्ष उमेरसम्मका बालबालिकालाई लगाउन लागिएको हो । एक भायलमा पाँच मात्रा रहेको रङविहीन तयारी झोलका रुपमा रहेको खोप एक जनालाई शून्य दशमलव पाँच एमएल दिइने निर्देशनालयका निर्देशक डा खिमबहादुर खड्काले जानकारी दिनुभयो। उहाँका अनुसार खोप योजनाका लागि प्रदेशस्तरीय योजना तथा प्रशिक्षण सम्पन्न भएर ११ जिल्लामै खोप लगाउने स्वास्थ्यकर्मीको तालिम चैत १४ गतेदेखि २४ गतेसम्म सञ्चालन गरिएको छ।

चैत २० गतेभित्र प्रदेशमा खोप आइपुग्ने भएकाले २१ देखि २३ गतेसम्म खोप सबै जिल्लामा पुगिसक्ने बताइन्छ । खोप प्रत्येक विद्यालयमा लगाउने व्यवस्था गरिने निर्देशक डा खड्काले बताउनुभयो । उहाँले भन्नुभयो, “यस खोप अभियानमा खोप लगाउनेपर्ने उमेर समूहको ठूलो हिस्सा विद्यालयमा रहने हुँदा बालबालिकाको सहजताका लागि सबै वडाका विद्यालयमा नै खोप कार्यक्रम सञ्चालन हुनेछ। यससँगै वडा कार्यालय र आवश्यक परे स्वास्थ्य संस्थामा पनि खोप लगाउने व्यवस्था गर्छौं ।” टाइफाइड खोपको प्रभावकारिता ९६.९७ प्रतिशत रहेको बताइन्छ । यो खोप लगाउँदा खोप लगाएको ठाउँ रातो हुने, चिलाउने, सामान्य ज्वरो आउनेलगायतका समस्या देखिए पनि जटिल प्रकारको समस्या नआउने स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका स्वास्थ्य सामग्री आपूर्ति व्यवस्थापन विभागका निर्देशक डा रोशन न्यौपानेले जानकारी दिनुभयो।

प्रतिलाखमा एक जनालाई जटिलता हुनसक्ने भनिएकाले त्यस्ता अनपेक्षित घटना भइहालेमा तत्काल उपचार गर्नका लागि आकस्मिक औषधिको समेत व्यवस्था गरिएको बताइन्छ। टाइफाइड रोकथामका लागि खोप प्रभावकारी हुने विश्वास गरिएको छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार टाइफाइडबाट विश्वमा हरेक वर्ष दुई करोड मानिस बिरामी हुने गरेका छन्। त्यसमध्ये करिब एक लाख ६१ हजारले ज्यान गुमाउने गरेको तथ्याङ्क छ। नेपालमा भने प्रतिएक लाखमा एक हजार ६२ मा टाइफाइडको सङ्क्रमण दर रहेको छ भने १५ वर्षमुनिका बालबालिकामा प्रतिएक लाखमा १० हजार ९६० सङ्क्रमण दर रहेको बताइन्छ।

# हातहतियार नबुझाउनेलाई कारवाही

पोखरापत्र संवाददाता
स्याङ्जा, १४ चैत

जिल्ला भित्र इजाजत लिएर घरमा राखिएका हातहतियार बुझाउन जिल्ला प्रशासन कार्यालय स्याङ्जाले अनुरोध गरेको छ।

आगामी बैशाख ३० गते हुने स्थानीयतहको निर्वाचनमा भरपर्दो र विश्वसनीय सुरक्षा व्यवस्थापन गरी भयरहित वातावरण सृजना गर्न प्रशासनले घरमा राखिएका हातहतियार बुझाउन अनुरोध गरेको हो। चैत्र मसान्त भित्र नजिकको प्रहरी ईकाइहरुमा हातहतियार बुझाई भरपाई लिन आग्रह गरेको छ।

स्याङ्जाका प्रमुख जिल्ला अधिकारी राजु पौडेलले जारी गरेको सुचनामा बुझाएको हातहतियार जिल्ला प्रहरी कार्यालय र वडा प्रहरी कार्यालय वालिङमा सुरक्षित राखिने समेत उल्लेख गरिएको छ । निर्धारित समयभित्र नबुझाएमा त्यस्ता व्यक्तिहरुको हातहतियार खोजतलास गरी कानुन बमोजिम कारवाही हुने समेत प्रजिअले जारी गरेको सुचनामा सुचित गरेको छ । निर्वाचन सम्पन्न पछि हातहतियार सम्वन्धित व्याक्तिलाई बुझाइने बताइएको छ।

जिल्लाका कति व्याक्ति सगँ कस्ता हाहतियार छन् भन्ने बिषय भने गोप्य राखिएको छ। निर्वाचन मिति नजिकिदै जाँदा जिल्ला प्रशासन कार्यालय स्याङ्जाले भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न आन्तरिक राणनीतिक योजना तयारीमा जुटेको बताइएको छ।

# विधान विपरीत कार्य गर्नेलाई कारबाही हुन्छ : सभापति शर्मा

पोखरापत्र संवाददाता
दमोली, १४ चैत

नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले विधान विपरीत कार्य गर्नेलाई कारबाही गरिने बताउनुभएको छ । आगामी वैशाख ३० गते हुने स्थानीय तहलाई लक्षित गरी नेपाली कांग्रेस तनहुँको व्यवस्थापन र प्रदेश कार्यसमितिको आयोजनामा शनिबार दमौलीमा आयोजित प्रशिक्षण एवं अन्तरक्रियामा सभापति शर्माले कांग्रेस कार्यकर्ता अनुशासनमा बस्नुपर्ने बताउनुभयो।

पार्टीको हित विपरीत कार्य गरेमा तत्कालै कारबाही गरिने बताउँदै उहाँले भन्नुभयो, “पार्टीको विधान विपरीत कोही पनि जानु हुँदैन, विधान विपरीत भएको पाइए तत्कालै कारबाही गर्छौं।” शर्माले कांग्रेस पुरानो शक्ति भएको उल्लेख गर्दै आफूलाई नभनी अर्काका लागि भनेर लड्नुपर्ने बताउनुभयो । उहाँले स्थानीय तहको निर्वाचनमा पार्टीलाई जिताउन सबै एकढिक्का भएर लाग्नुको विकल्प नभएको उल्लेख गर्नुभयो । कार्यक्रममा कांग्रेस तनहुँका सभापति जितप्रकाश आले, पूर्वसभापति रघुनाथ पौडेल, गण्डकी प्रदेश सदस्य शान्तिरमण वाग्ले, जिल्ला सचिव लक्ष्मीभक्त खनाल लगायतले पार्टीलाई सुदृढ बनाउनुपर्नेमा जोड दिनुभयो।

# न्यायिक समितिका माध्यमबाट न्यायमा पहुँच पुगेको छ : प्रदेश प्रमुख गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, १४ चैत

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले न्यायिक समितिमार्फत सर्वसाधारणमा न्यायको पहुँच पुगेको बताउनुभएको छ।

पोखरा महानगरपालिकाद्वारा सोमबार पोखरामा आयोजित न्यायिक समितिको सम्मेलनमा उहाँले जनताको नजिक रहेर स्थानीय सरकारको न्यायिक उपस्थिति जनाउने र न्याय निरुपण तथा मेलमिलाप गराउने उद्देश्यका साथ स्थापित समितिका माध्यमबाट मुद्दा मामिला गर्न नसक्ने महिला, बालबालिका तथा ज्येष्ठ नागरिकहरूको न्यायमा पहुँच बढेको बताउनुभयो।

नेपालमा सङ्घीय शासनको सुरुवातसँगै स्थानीय तहमा न्यायपालिकाको स्वरुपमा स्थानीय न्यायिक समिति गठन र क्रियाशील भएको बताउँदै उहाँले मुलुक सङ्घीय संरचनामा गएपछि सिंहदरबारमा मात्र सीमित भएको अधिकारलाई गाउँगाउँसम्म पुऱ्याउन स्थानीय निकायले खेलेको भूमिका प्रशंसनीय रहेको बताउनुभयो।

उहाँले न्यायिक समितिमा रहने व्यक्तिको निष्पक्ष निर्णयले नै न्यायिक निर्णयमा जीत जीतको अवस्था सुनिश्चित भई न्यायप्रतिको सन्तुष्टि अभिवृद्धि हुने र यस प्रतिको आम नागरिकको भरोसा अझै बढ्दै जाने विश्वास व्यक्त गर्नुभयो।

आम जनतामा सुरु चरणको र कम झमेलामा न्याय दिलाउने कुरा रहेको र जनस्तरसम्म जानकारी पुऱ्याएर आफ्ना समस्यालाई समितिमा ल्याउने वातावरणसमेत तयार गर्नुपर्ने दायित्व समितिमा रहेको बताउँदै उहाँले बिना पूर्वाग्रह निष्पक्ष निर्णय गर्ने दिशामा सधैँ दत्तचित्त भएर लाग्ने विश्वास व्यक्त गर्नुभयो। सीमित साधन र स्रोतका बाबजुत न्यायिक समितिमार्फत हुने न्यायिक निर्णयका धेरै सकारात्मक पक्ष भए पनि त्यसमा रहने व्यक्तिमा न्याय प्रणालीबारे विषयगत जानकारीको अभावले गर्दा समस्या उत्पन्न हुने गरेको गुनासोसमेत आउने गरेको उहाँले बताउनुभयो।

“विषयगत जानकारी नभएका व्यक्तिबाट न्याय सम्पादन हुँदा एकातर्फ निष्पक्ष न्याय सम्पादन नहुने खतरा हुन्छ भने अर्कातर्फ गलत निर्णय हुँदा जनतामा यसप्रतिको भरोसासमेत कम हुन जान्छ”, उहाँले भन्नुभयो, “समितिका विषयमा उठेका गुनासोलाई आत्मसाथ गर्दै समितिका सदस्यलाई विषयगत रुपमा सक्षम र सबल बनाउन आवश्यक तालिम दिन जरुरी देखिन्छ।”

# कांग्रेस केन्द्रीय समिति बैठकमा चुनावी तालमेलको बहस

रासस
काठमाडौं, १४ चैत

नेपाली कांग्रेसमा यतिखेर आसन्न स्थानीय तहको निर्वाचनमा सत्तागठबन्धनमा रहेका दलसँग चुनावी तालमेल गर्ने सम्बन्धमा बहस जारी छ।

शुक्रबारदेखि जारी पार्टीको केन्द्रीय कार्यसमितिको बैठकमा चुनावी तालमेल गर्नुपर्ने र निर्वाचनमा एक्लै जानुपर्ने सम्बन्धमा केन्द्रीय सदस्यले फरकफरक धारणा व्यक्त गर्नुभएको छ । सोमबार तेस्रो दिनसम्मको बैठकमा सबै पदाधिकारी र केन्द्रीय सदस्यले आफ्नो धारणा व्यक्त गर्ने क्रम सम्पन्न भएको छ । बैठकमा चुनावी तालमेलका साथै निर्वाचनमा पार्टीलाई कसरी मजबुत बनाउने, निर्वाचनको तयारीका लागि पार्टीले सञ्चालन गरिरहेको एकमहिने ‘घरघर जाऔँ, कांग्रेस जिताऔँ’ अभियानकोसमीक्षालगायतविषयमा छलफल भएको थियो। बैठकमा अधिकांशले लोकतान्त्रिक मूल्यमान्यता रक्षाका लागि विशिष्ट परिस्थितिमा कांग्रेसको नेतृत्वमा गठबन्धन सरकार बनेकाले सोहीअनुसार चुनावी तालमेल गर्दा उपयुक्त हुने धारणा राखेको प्रवक्ता डा प्रकाशशरण महतले जानकारी दिनुभयो । स्थानीयस्तरमा पार्टीको अवस्था र आवश्यकताका आधारमा चुनावी तालमेल गरेर जाँदा पार्टी मजबुत हुने र आगामी संसदीय निर्वाचनमा पनि पार्टीले जित्ने धेरैको सुझाव आएको उहाँले बताउनुभयो।

यसका लागि केन्द्रले सैद्धान्तिक निर्णय गर्नुपर्ने सुझाव आएको र त्यसैका आधारमा मङ्गलबार दिउँसो ३ बजे बैठकमा आवश्यक निर्णय हुनेछ। यसैगरी कतिपय पदाधिकारी र केन्द्रीय सदस्यले भने चुनावी तालमेल नगरी एक्लै निर्वाचनमा जाँदा राम्रो हुने सुझाव दिनुभएको थियो।

# सबै दल मिलेर आए पनि एमालेलाई जित्न सक्दैनन् : अध्यक्ष ओली

रासस
काठमाडौं, १४ चैत

नेकपा (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले नेपालका सबै दल मिलेर आए पनि एमालेलाई जित्न नसक्ने बताउनुभएको छ।

कपिलवस्तुको तौलिहवामा सोमबार आयोजित कार्यक्रममा अध्यक्ष ओलीले मुलुकको विकास गर्नका लागि एमालेले जित्नुपर्ने उल्लेख गर्नुभयो।

नेपाली कांग्रेस र अन्य दलबीच सरकार टिकाउन मात्र गठबन्धन गरिएको उहाँले आरोप लगाउनुभयो । शिक्षा, स्वास्थ्य, कृषि, विमानस्थल निर्माणलगायत काम आफ्नो पालामा भएको अध्यक्ष ओलीले दाबी गर्नुभयो।

एमाले उपाध्यक्ष विष्णु पौडेलले आगामी स्थानीय तहको निर्वाचनमा एमालेको जितलाई कसैले रोक्न नसक्ने बताउनुभयो।

एमालेमा प्रवेश गर्नुभएका सांसद वृजेशकुमार गुप्ताले मधेसको विकास र मधेसीको हितमा काम गर्ने दल एमाले मात्र भएको उल्लेख गर्नुभयो। सो अवसरमा लुम्बिनी प्रदेशसभा सदस्य धर्मबहादुर लाल श्रीवात्सव, कपिलवस्तु नगरपालिकाका पूर्वनगर प्रमुख रामदास गुप्ता, पूर्वउपप्रमुख वासुदेव कशौधन, कपिलवस्तु नगरपालिका-१ का वडाध्यक्ष सुदीप पौडेल, वडा नं ४ वडाध्यक्ष रवीन्द्र त्रिपाठी, वडा नं १२ का वडाध्यक्ष ओमप्रकाश पाण्डे, बुद्धभूमि नगरपालिका-६ वडाध्यक्ष नन्दलाल यादव, यशोधरा गाउँपालिका-८ अध्यक्ष साहबुद्दिन मुसलमानलगायत एमालेमा प्रवेश गरेका थिए।

# अबको केही दिन मौसम बदली

रासस
काठमाडौं १४ चैत

पश्चिमी न्यूनचापीय प्रणालीको प्रभावका कारण अबको केही दिन देशको अधिकांश भूभागमा आंशिकदेखि सामान्य बदली रहने छ। केही स्थानमा मेघगर्जन तथा चट्याङसहित सामान्य वर्षा हुने छ।

केही दिन देशको अधिकांश भूभागमा आंशिकदेखि सामान्य बदली रही पहाडी भूभागमा सामान्य वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

# उर्जामन्त्री...

कास्कीको मर्दीखोला, सेती नदी तथा पर्वतको मोदीखोला र यस आसपासका नदीबाट उत्पादन भएको विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोड्ने गरी निर्माणाधीन ४२ किमी लामो नयाँ मोदी-लेखनाथप्रसारणलाइनअन्तर्गत नेपाल विद्युत् प्राधिकरणले सो सवस्टेशन निर्माण गरिएको हो। सवस्टेशन नयाँ मोदी-लेखनाथ प्रसारण लाइनअन्तर्गत मोदी जलविद्युत् केन्द्र हुँदै राष्ट्रिय ग्रिडमा जडान भएको र निकट भविष्यमा लेखनाथ १३२ केभी सवस्टेसनमा जोडिने आयोजनाले जनाएको छ। यहाँ जम्मा हुने विद्युत् पोखरास्थित राष्ट्रिय प्रसारण लाइनमा जोड्न अहिले प्रसारण लाइनको काम अन्तिम चरणमा पुगेको नयाँ मोदी-लेखनाथ प्रसारण लाइन आयोजनाले जनाएको छ। यसको लागत रु एक अर्ब पाँच करोड रहेको छ। भारतको हिताक्षी इनर्जी कम्पनीसँग सन् २०१८ जुन २१ मा निर्माण सम्झौता भएर सन् २०२१ डिसेम्बर २९ मा निर्माण सम्पन्न भएको आयोजनाले जनाएको छ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईंमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जसलाई आशा कहिल्यै लाग्दैन, ऊ कहिल्यै निराश पनि हुँदैन । - वनार्ड शा

## सम्पादकीय

# विप्लवको पार्टी अलमलमा

शान्तिपूर्ण राजनीति गर्नेगरि खुला भएको नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) जनतामा जान अलमलमा परेको छ्रामहासचिव विप्लवको निर्वाचनमा जानपर्ने प्रस्ताव अल्पमतमा परेपछि निर्वाचन बहिष्कार पनि नगर्ने, सहभागी पनि नहुने नीति लिएको छ। कपिलवस्तुको शिवगढीमा ११ दिनसम्म चलेको केन्द्रीय समिति बैठकले पार्टी दर्ता गेरर निर्वाचनमा सहभागी नहुने तर प्रगतिशीत शक्तिलाई समर्थन गर्ने निर्णय गरेको छ । पार्टी दर्ता गेरर निर्वाचनमा सहभागी नहुने केन्द्रीय समितिले निर्णय लिएको सार्वजनिक भएको छ। 'निर्वाचन आयोगमा पार्टी दर्ता गेरर चुनावमा सहभागी नहुने र निर्वाचनको उपयोग नगर्ने तर देशभक्त, प्रगतिशील जनवादी शक्तिहरूलाई समर्थन गर्ने नीति समयको माग होइन ।

महासचिव विप्लवले निर्वाचनमा सहभागी भएर उपयोग गर्नुपर्ने राजनीतिक प्रस्ताव पेस गरेका थिए । तर उनको प्रस्ताव केन्द्रीय समितिमा अल्पमतमा परेको छ । सोमबार सकिएको बैठकले विप्लवको राजनीतिक प्रस्ताव परिमार्जनसहित पारित गरेको छ । महासचिवको प्रस्तावलाई विकसित गरेर पारित गरिएको महासचिवले पेस गरेको प्रस्तावलाई केही विकसित गरेर पारित गरिएको छ,' बाँस्तोलाले नयाँ पत्रिकासँग भने, 'केन्द्रीय समितिमा प्रस्तावमाथि व्यापक छलफल गरेर प्रस्तावलाई विकसित गरिएको हो।' विप्लवको प्रस्ताव केन्द्रीय समितिमा छलफल हुँदा अल्पमतमा परेको थियो। ६८ केन्द्रीय सदस्य, ४ जना सल्लाहकार परिषद्का सदस्य र सचिवालयका चारजनाले उनको प्रस्तावमा धारणा राख्दा ४४ जनाले विप्लवको विपक्षमा उभिएका थिए ।

सल्लाहकार परिषद्का चारजना नै निर्वाचनलाई उपयोग गर्ने महासचिवको प्रस्तावको विपक्षमा रहेका थिए। सचिवालयका हेमन्तप्रकाश वली र धर्मेन्द्र बाँस्तोला निर्वाचनमा सहभागी हुने महासचिवको प्रस्तावलाई सच्याउनुपर्ने लाइनमा सुरुदेखि नै अडिग थिए । बैठकमा वली र बाँस्तोलाले महासचिवले बहुमतको कदर नगरे फरक कदम चाल्नुपर्ने बाध्यता आउन सक्ने भन्दै चेतावीसमेत दिएका थिए । विप्लवले स्थानीय निर्वाचनलाई उपयोग गर्ने, अमेरिकी सहयोग परियोजना एमसिसी र पार्टीको महाधिवेशनलाई समेटेर प्रस्ताव पेस गरेका थिए ।

बैठकले एमसिसी फिर्ता गर्न दबाब पुग्ने किसिमका संघर्षका कार्यक्रम ल्याउने निर्णय पनि गरेको छ । पार्टी महाधिवेशन कहिले गर्ने भन्नेबारे मिति नतोकिए पनि अनुकूल समयमा महाधिवेशन गर्ने बैठकले निर्णय लिएको छ । निर्वाचनमा सहभागी हुने आफ्नो प्रस्ताव अल्पमतमा परेपछि बहुमत जुटाउन विप्लवले प्रयाससमेत गरेका थिए । बैठक लम्याउँदै उनले केन्द्रीय सदस्यहरूलाई एकरूपमा भेटघाटसमेत गरेका थिए । तर बहुमत पुग्ने अवस्था नदेखिएपछि उनले मध्यमार्गी बाटो रोजेको एक केन्द्रीय सदस्यले बताए । एमसिसी र महाधिवेशनबारे भने केन्द्रीय सदस्यहरूले समान धारणा राखेका थिए । निर्वाचनमा बहिष्कारको पक्षमा मत राख्ने केन्द्रीय सदस्यहरूले चुनावलाई उपयोग गर्ने नाममा संसदीय व्यवस्थामा प्रवेश गर्न नहुने मत राखेका थिए । निर्वाचनमा जाने हो भने जनमतसंग्रहमा मात्र जान सकिने विप्लव इतरपक्षको भनाइ छ। २१ फागुन ०७७ मा तत्कालीन केपी ओली सरकारसँग तीनबुँदे सहमति गरेर नेकपा शान्तिपूर्ण राजनीतिको अध्यायमा प्रवेश गरेको थियो ।

# शहीद लखन र गण्डकी गाउँपालिकाबीच भगिनी सम्बन्ध

पोखरापत्र संवाददाता
गोरखा, १४ चैत

गोरखाका दुई गाउँपालिकाबीच भगिनी सम्बन्ध स्थापना भएको छ ।

जिल्लाको शहीद लखन र गण्डकी गाउँपालिकाबीच विभिन्न क्षेत्रमा सहयोग र सहकार्य गर्ने सहमति गर्दै भगिनी सम्बन्ध स्थापना भएको शहीद लखन गाउँपालिकाका अध्यक्ष रमेश थापामगरले जानकारी दिनुभयो । भौगोलिक हिसावले सिमाना जोडिएको र सहकार्य तथा समन्वय गेरर अघि बढ्दा विकास निर्माणमा समेत सजिलो हुने भएकाले दुई पालिकाबीच भगिनी सम्बन्ध स्थापना गरेर अघि बढ्ने निर्णयका साथ सम्बन्ध स्थापना भएको उहाँको भनाइ छ । "दुवै गाउँ कार्यपालिकाको संयुक्त बैठक बसेर विभिन्न ११ बुदेँ सहमति सर्वसम्मत पारित गरेर दुवै पालिकाका अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख प्रशासकिय अधिकृतले हस्ताक्षर गरेका छौँ, उहाँले भन्नुभयो, "यसबाट अब एउटा गाउँपालिकाले गरेका राम्रा कामहरुको रचनात्मक सिको अर्को गाउँपालिकाले गर्ने नयाँ अवसर प्राप्त भएको छ।" अध्यक्ष थापामगरले दुवै गाउँपालिकाको सिमानामा पर्ने रणनीतिक सडक, भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नतिका लागि मिलेर सङ्घ प्रदेशलाई घचघच्याउने सहमति भएको जानकारी दिनुभयो ।

"पालिकास्तरबाट विनियोजन गर्नसक्ने बजेटका सवालमा साँध सिमानामा पर्ने सडक निर्माणका लागि दुवै पालिकाले मिलेर बजेट विनियोजन गर्ने वा थप बजेटको आवश्यकता परेमा केन्द्र र प्रदेशमा संयुक्त समन्वय गर्ने भन्ने बुझाइ बनेको छ", उहाँले भन्नुभयो, "यो बुझाइले दुवै पालिकालाई लाभ हुनेछ ।" त्यस्तै दुई पालिकाभित्र रहेका पर्यटकीय क्षेत्रका एक आपसमा प्रचारप्रसार गर्ने तथा आन्तरिक पर्यटक प्रवर्द्धनमा मिलेर काम गर्ने सहमतिसमेत भएको अध्यक्ष थापामगरले जानकारीदिनुभयो ।

भगिनीसम्बन्धलेएकगाउँपालिकाले गरेका रचनात्मक कार्यको सिकाइ अर्को गाउँपालिकाले गर्ने गरी कार्यको थालनी भएको उहाँको भनाइ छ । सहमति पत्रमा हस्ताक्षर गर्नुहुँदै गण्डकीका अध्यक्ष होमबहादुर रानाले विकासमा राजनीति गर्नुहुँदैन भन्ने सिकाइ शहीद लखन गाउँपालिकाबाट सिक्नुपर्ने बताउनुभयो । "शहीद लखन गाउँपालिकाले विकासमा राजनीति गर्नुहुँदैन भन्ने उद्देश्यका साथ जुन सफलता हासिल गर्नुभएको छ त्यो सबैले हामीले पनि मनन गरेर अघि बढ्नुपर्छ", उहाँले भन्नुभयो, "गण्डकी गाउँपालिकाले पनि शहीद लखन गाउँपालिकाबाट सिक्नुपर्नेछ।" दुवै गाउँपालिकाको संयुक्त कार्यपालिकाको बैठकमा दुवै गाउँपालिका प्रशासकिय प्रमुख तथा सहभागी कार्यपालिका सदस्यले आ-आफ्नो पालिकाले गर्दै गएका रचनात्मक कामको बारेमा जानकारी गराएका थिए । "बैठकमा एक पालिकाले गरेका रचनात्मक कार्यको बारेमा जानकारी गराउँदा अर्को पालिकाले जान्ने बुझ्ने र सिक्ने मौका पनि प्राप्त भयो", शहीद लखन गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत जीवनबहादुर आलेमगरले भन्नुभयो, "त्यसबाहेक सिमाना जोडिएका पालिकाबीच कर तथा सेवाशुल्क दस्तुरमा भएका असमानताका कारण नागरिकको बुझाइ फरक भएकाले कसरी एकरुपता कायम गर्न सकिन्छ भन्नेमा समेत छलफल गरेका छौँ ।" यसबाहेक दुवै पालिकाबीच कृषिजन्य उत्पादन तथा बजार व्यवस्थापनमा संयुक्त पहल गर्ने, विपद्मा एक अर्कालाई सहयोग गर्नेलगायतका सहमति भएको उहाँको भनाइ छ । सहमति पत्रमा गण्डकी गाउँपालिका अध्यक्ष रानामगर, उपाध्यक्ष ललिता अधिकारी र शहीद लखन गाउँपालिकाका अध्यक्ष थापामगर, उपाध्यक्ष इन्दिरा तिवारीसहित दुवै पालिकाका प्रमुख प्रशासकीय अधिकृतले आइतबार हस्ताक्षर गर्नुभएको थियो ।

# तनहुँमा कृषि गणना गरिँदै

पोखरापत्र संवाददाता
दमौली, १४ चैत

तनहुँमा आगामी वैशाख ६ गतेदेखि १९ गतेसम्म कृषि गणना गरिने भएको छ। कृषकले चलन गरेको जग्गा, लगाएको बाली, पशुपन्छीपालन तथा कृषिमा वातावरणीय प्रभावसम्बन्धी विवरण सङ्कलन गर्ने उद्देश्यसहित कृषिगणना गर्न लागिएको हो ।

कृषि विकासका लागि स्थानीय, जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरका योजना तर्जुमा एवं नीति निर्माण, अनुगमन तथा मूल्याङ्कन गर्न आवश्यक पर्ने तथ्याङ्कको खाँचो पूरा गरी योजनाविद् र नीति निर्मातालाई सघाउ पुऱ्याउन कृषिगणना गर्न लागिएको कार्यालय प्रमुख नवराज पोखेलले जानकारी दिनुभयो । कृषि गणनाका लागि तनहुँमा ६३ गणक परिचालन गरिनेछ । त्यस्तै १६ सुपरिवेक्षक र एक कृषिगणना अधिकृत परिचालन गरिने उहाँले जानकारी दिनुभयो । कृषि गणनामा तथ्याङ्क सङ्कलनको कार्य एउटै समयसीमाभित्र दुई चरणमा सञ्चालन गरिनेछ । गणक तथा सुपरिवेक्षकलाई यही चैत २५ गतेदेखि वैशाख ३ गतेसम्म तालिम सञ्चालन गरिनेछ भने २४ गतेसम्म गणक तथा सुपरिवेक्षक नियुक्ति भइसकेनेछन् ।

पहिलो चरणमा गणकद्वारा छानिएका गणना क्षेत्रका प्रत्येक व्यक्तिको घरदैलोमा पुगी तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका कृषक परिवारको सूचीकरण कार्य गरिने उहाँले पोखेलले जानकारी दिनुभयो । दोस्रो चरणमा निश्चित तथ्याङ्कीय छनोट विधिबाट सुपरिवेक्षकद्वारा छानिएका कृषक परिवारमा पुगी गणकद्वारा कृषक परिवार प्रश्नावली फारममार्फत कृषकले चलन गरेको जग्गा तथा पशुपन्छीपालन, अन्यखेती, वातावरणलगायत विविध विषयसम्बन्धी विस्तृत विवरण सङ्कलन गरिनेछ । दोस्रो चरणमा सुपरिवेक्षकबाट वडास्तरीय सामुदायिकप्रश्नावलीमार्फतछनोटमा परेका गणना क्षेत्र रहेको वडाको भौगोलिक अवस्थिति र सामाजिक आर्थिक अवस्था, सो क्षेत्रमा भएका पूर्वाधार एवं सेवासुविधा र त्यस क्षेत्रमा सञ्चालित विकास कार्यक्रमसम्बन्धी विवरण सङ्कलन गरिने बताइएको छ ।

सोही अवधिमा सुपरिवेक्षकबाट जिल्लामा सञ्चालित संस्थागत कृषि चलनको पूर्णगणना गरिने र गणक तथा सुपरिवेक्षकले गर्ने स्थलगत तथ्याङ्क सङ्कलन कार्यको केन्द्र, प्रदेश तथा जिल्ला तहबाट विभिन्न चरणमा सुपरिवेक्षण गरिने कार्यालय प्रमुख पोखेलले जानकारी दिनुभयो । जिल्लाका सबै स्थानीय तहमा गरी १६७ गणना क्षेत्रबाट करिब चार हजार १७५ कृषक परिवारको छनोट गरी गणना गरिनेछ । त्यसका लागि भानुमा २०, व्यासमा १८, म्याग्देमा १६, शुक्लागण्डकीमा १८ गणना क्षेत्र तोकिएको छ । त्यस्तै भिमादमा १७, घिरिङमा १५, ऋषिङमा १८, देवघाटमा १६, बन्दीपुरमा १५ र आँबुखैरेनीमा १४ गणना क्षेत्र तोकिएको छ । कृषिगणनामा घर परिवारले गरेका कृषिकार्य, संस्थागत कृषिकार्य (सरकारी, अर्धसरकारी, सहकारी, व्यवसायले गरेका कृषिकार्य), वडागत सामुदायिक कृषिसम्बन्धी क्रियाकलाप समेटिनेछ । घरपरिवारले गरेका कृषि कार्यको तथ्याङ्क सङ्कलन गर्न छनोट विधिमा आधारित हुनेछ । कृषि गणनामा कृषकले चलन गरेका जग्गाको आधार, जग्गाको उपभोग र उपयोग, बाली लागेका जग्गाको क्षेत्रफल, मुख्य बालीको उत्पादन र सिँचाइको विवरण, कृषि सामग्री र औजारको उपयोग, पशुपन्छीको सङ्ख्या र आहारसम्बन्धी विवरण, कृषि कार्यमा संलग्न जनशक्ति, लिङ्गको आधारमा कृषि जग्गाको स्वामित्वको अवस्थाका बारेमा तथ्याङ्क सङ्कलन गरिनेछ ।

कृषि वन, कृषि ऋण, बीमा, अनुदान, कृषि कार्यमा जलवायु परिवर्तनको प्रभाव, हरितगृह पद्धतिको प्रयोग, माटो परीक्षण, कृषि बजारसम्मको पहुँच, कृषि अवशेष र फोहरको व्यवस्थापनजस्ताविविधविषयमा तथ्याङ्क सङ्कलन गरिने बताइएको छ । प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले कृषि गणनालाई प्रभावकारी र विश्वसनीय बनाउनुपर्ने बताउनुभयो । नेपाली कांग्रेस तनहुँका उपसभापति देवकुमार श्रेष्ठले गणक घरघरै पुगे नपुगेको अनुगमनलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो ।


**त्रिभुवन विश्वविद्यालय**
**वन विज्ञान अध्ययन संस्थान**
**पोखरा क्याम्पस, पोखरा**

**जनशक्ति आवश्यकता सम्बन्धी दरभाउपत्र आव्हानको सूचना ।**

यस क्याम्पसका लागि व्यक्तिगत सेवा करारमा प्लम्बर एक, ड्राईभर एक र कार्यालय सहयोगी (स्वीपर) एक पदपूर्ति गरी सेवा लिनुपर्ने भएको हुँदा कुनै कसुरदार नठहरिएका ईच्छुक योग्य नेपाली नागरिकहरुबाट मिति २०७८/१२/२७ गतेभित्र रीतपूर्वक शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

विस्तृत जनकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।

क्याम्पस प्रमुख


# थप २१ जनामा कोरोना सङ्क्रमण पुष्टि

रासस
काठमाडौं, १४ चैत

कोरोना भाइरसको सङ्क्रमण घट्दै गएको छ । पछिल्लो २४ घण्टामा थप २१ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार सो अवधिमा ६ हजार ३०९ जनाको कोरोना परीक्षण गरिएको थियो । हाल सक्रिय सङ्क्रमितको सङ्ख्या एक हजार २५४ रहेको छ । पछिल्लो २४ घण्टामा ३१९ जना कोरोनाबाट मुक्त भएर घर फर्किएका छन् । योसँगै निको हुनेको सङ्ख्या नौ लाख ६५ हजार १४२ पुगेको छ । निको हुनेदर ९८ दशमलव सात प्रतिशत छ ।

पछिल्लो २४ घण्टामा कोरोनाबाट कोहीको पनि मृत्यु भएको छैन । मन्त्रालयका अनुसार शून्य सङ्क्रमित भएका जिल्ला सङ्खुवासभा, रामेछाप, मनाङ, मुस्ताङ, पूर्वीरुकुम, डोल्पा, हुम्ला, जुम्ला, कञ्चनपुर र बाजुरा छन् । नेपालमा सङ्क्रमणदर १७.७ प्रतिशत छ ।

हाल होम आइसोलेशनमा एक हजार २०६, संस्थागत आइसोलेशनमा ४८, आइसियुमा २३ र भेन्टिलेटरमा तीन जनाको उपचार हुँदैछ । विगत २४ घण्टामा एक लाख ६ हजार ७९ जनाले कोरोना विरुद्धको खोप लगाएका छन् ।


**श्री मालपोत कार्यालय लेखनाथ, कास्कीबाट जारी गरिएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०७८/१२/१५

तनहुँ जिल्ला थ्प्रेक गा.वि.स. वडा नं. ८ हाल शुक्लागण्डकी न.पा. १ बस्ने नरबहादुर मल्ल ठकुरीको माहिली श्रीमती काउती मल्ल पट्टीका छोरा पवित्रराज मल्ल र नरबहादुरको कान्छी श्रीमती कमला मल्ल ठकुरीले जग्गाधनी नरबहादुर मल्ल ठकुरीको मिति २०६९/०८/०८ गते मृत्यु भएकोले निजका नाउँमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला साविक खाल्टे गा.वि.स. वडा नं. १ को कि.नं. ४४६ क्षे.फ. १५-२-०-० को जगाको हकदार हामी मात्र रहेको हुँदा उक्त जग्गा हाम्रो नाउँमा संयुक्त नामसारी गरिपाउँ भनि यस कार्यालयमा द.नं. ५७७२ मिति २०७८/११/११ मा निवेदन पेश गरेकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । जग्गा धनी नरबहादुर मल्ल ठकुरीको तिन वटा श्रीमतीहरु मध्ये गोपी मल्ल तर्फ छोरा/छोरीको जायजन्म भएको भए, माहिली श्रीमती तर्फ पवित्रराज मल्ल बाहेक अरु छोरा वा छोरी भएमा वा कोही अन्य हकदार भएमा वा नामसारी गरिदिएमा कोही कसैलाई कुनै फरक पर्ने भएका वा निवेदकहरु बाहेक अन्य कोही हकदार भएमा यो सूचना प्रकाशन भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र प्रमाण सहित हकदावी गर्न आउनुहोला । अन्यथा निवेदकको मागदावी बमोजिम नियमानुसार भई जाने व्होरा सम्बन्धित सबैका लागि जानकारी गरिन्छ ।

ईति सम्बत २०७८ साल चैत १३ गते रोज १ शुभम् ।



**उद्योग बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०७८/१२/१५

यस कार्यालयमा मिति २०७५/०८/१० मा कास्की जिल्ला साविक पोखरा महानगरपालिका वडा नं. १७ मा संचालन गर्नेगरि गोरखा महानगरपालिका वडा नं. ४ को गोरखा निवासी शोभा बयलकोटीको नाउँमा दर्ता भएको प्रा.फ.द.प्र.नं. १४७३८/०७५/०७६ को सेवक एयरपोर्ट भ्यु खाजा घर प्रोपाइटर शोभा बयलकोटीले मिति २०७८/१२/१३ मा फर्म बन्द गरिपाउँ भनि आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने उद्योग बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो उद्योगमा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्याद भित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : व्यापारमा लाभ | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : मन चञ्चल | धनु | : मानसिक तनाव |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शारीरिक झमेला |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# महिलामा मधुमेहको समस्या बढी

विकास खनाल
पोखरा, १४ चैत



नसर्ने तर घातक रोग हो मधुमेह(सुगर) । मधुमेहले शरीरका अंगहरुलाईविस्तारैकमजोरबनाउँछ। अंगले कामै नगर्दा अन्त्यमा ज्यानै जान्छ । मधुमेहका विरामी वर्षेनी बढ्दै गएका छन् । बृद्धबृद्धा मात्रै नभई युवा पुस्ता समेत मधुमेहबाट पीडित भएका छन् ।

शहर भर्ने क्रम बढ्दै छ। सुविधा खोज्ने क्रममा गाँउबाट बसाई सराई गरेका छन् । रोजगार देखि उच्च शिक्षामात्रै नभई हरेक दृष्टिकोणले सुविधा खोज्न शहर भर्ने क्रमले पनि रोगलाई पनि अगाँल्न शुरु भईसकेको छ। शहरी जनजीवनले सुख सुविधा भोगी बन्दा मधुमेहको संक्रमण बढ्दै गएको ठम्याई स्वास्थ्यकर्मीको छ । गाँउ उत्पादनमुखी थियो । उत्पादनको लागि परिश्रम गर्नुपर्ने थियो । परिश्रमले पसिना बग्थ्यो । परिश्रमले शरीरमा फुर्ति आउँथ्यो । शरीर रोगको घर बन्दैनथ्यो । शहर बजार सुविधामुखी बन्यो । सुविधा भोगी बन्यो । शहर व्यस्त भएपनि सर्वसाधारण व्यस्त बन्नै सकेनन् । सुविधा खोज्ने क्रममा स्वास्थ्यप्रतिको ख्याल हुनै छाड्यो । त्यसको प्रत्यक्ष असर स्वास्थ्यमा पर्‍यो । शरीरले विभिन्न रोगको भार थेग्न पुग्यो । रोगमध्ये मधुमेहले सर्वसाधारणलाई गाँज्दै लग्यो । मधुमेह उमेरसँगै लाग्ने रोगको रुपमा परिचित थियो । तर अहिले बजार क्षेत्रमा ३० वर्ष भन्दा कम उमेर समूह पनि मधुमेहबाट प्रभावित भएको रिपोर्टले देखाएको छ । शरीरमा इन्सुलेसनको मात्रामा हुने घटबढले मधुमेहले शरीरमा संक्रमण गरेको नगरेको प्रष्ट हुन्छ । चिकित्सकले प्रत्येक तीन महिनामा स्वास्थ्य परीक्षण गर्नुपर्ने सुझाव दिने गरेका छन् । तर त्यस तर्फ ध्यान खासै कसैले दिदैनन् । स्वास्थ्यप्रतिको सचेतना जगाउने अभियानमा नेपाल विकास समाज जुट्दै आएको छ । समाजले कास्कीको तत्कालिन लेखनाथ क्षेत्रमा मधुमेह न्युनिकरणको लागि विभिन्न सचेतनात्मक कार्यक्रम गर्दै आएको छ । समाजले वर्षको तीन पटक सर्वसाधारणको मधुमेह परीक्षण गर्दै आएको छ । एक पटक मधुमेह देखिएका सर्वसाधारण कतिपय दोहोरिएर परीक्षण गर्न आएको तथ्यांक स्वाथ्यकर्मी स्वयसेविकाहरु बताउँछन् । 'टोल टोलमा सर्वसाधारणलाई बोलाई स्वास्थ्य परीक्षण गराउँछौं । परीक्षणको क्रममा अधिकांश जसो मधुमेहबाट पीडित भएको पाइएको छ ।' पोखरा महानगरपालिका वडा नं २९ की स्वास्थ्य स्वयंसेविका शर्मिला नेपालले भनिन-'टोलमा गरिएको परीक्षणमा पुरुष भन्दा महिला बढी मधुमेहका विरामी भेटिए ।'

कामकाज केही हुदैन् । दिनभर बस्यो । शारीरिक व्यायाम छैन् । घरभित्रको चुलो चौकामा मात्रै सीमित हुदाँ शरीरलाई व्यस्त बनाउन अभ्यस्त नहुदाँ बढी महिलाहरु मधुमेहबाट पीडित हुने गरेको उनको भनाई थियो । मधुमेह भएकालाई अस्पताल जान र औषधी सेवन गर्न सल्लाह दिने गरिएको उनी सुनाउँछिन् । कतिपय विरामी दोहोरिएर परीक्षण गर्न आउन आनाकानी गर्ने गरेका छन् । स्वास्थ्यप्रति सचेत भएपनि दोहोर्याएर परीक्षणमा खासै नआउने उनको अनुभव थियो । 'बृद्धबृद्धा मात्रै होईन अहिले युवा पुस्ता पनि मधुमेहका विरामी भेटिएका छन् ।' उनले भनिन-'बृद्धबृद्धा उमेरसँगै मधुमेहबाट संक्रमित हुने भएपनि युवा पुस्ता भने खानपानमा ध्यान नदिदाँ मधुमेहको समस्या देखिएको छ ।' कोभिडले लकडाउनको स्थिति सृजना गर्‍यो । लकडाउनले सर्वधारणा घरबाट बाहिर निस्कन सकेनन् । घरभित्रै बसेर दिनचर्या विताए । लकडाउनकै कारण सर्वसाधारण मोटोपन बढ्यो । मोटोपनले मधुमेहको जोखिम बढायो । । मोटोपनले मघुमेह र रक्तचापको विरामी बढेको समेत अध्ययनले देखाएको छ । अहिले पनि कोभिडको त्रास केही कम छ । यद्यपी समाजले विभिन्न टोलीमा मधुमेह परीक्षणको लागि स्वयंसेवक तथा सेविकाहरु परिचालित गर्दै आएको छ । विरामीहरु पनि घर वरिपरी नै स्वास्थ्य परीक्षण गर्न पाउँदा खुशी छन् । मधुमेहको विरामीको भनाई अनुसार नेपाल विकास समाजको सक्रियतामा स्वास्थ्य परीक्षण गरी मधुमेहको बारे जानकारी पाइएको छ । 'अहिले नियमित परीक्षण गराएको छु । समाजमै स्वास्थ्य परीक्षण गरेपछि नियमित फलोअपमा छु ।' पोखरा-३३ बागमाराकी जमूना शाहीले अनुभव सुनाईन् । उनले साढे दुई वर्षअघि नेपाल विकास समाजको स्वास्थ्य शिविर मार्फत स्वास्थ्य परीक्षण गराएको बताईन् । 'पहिला थाहा थिएन् । परीक्षण गरेपछिमात्रै मधुमेह भएको थाहा पाँए । अहिले नियमित परीक्षण गराउँदै आएको छु । औषधी पनि खाईरहेकी छु ।' उनले भनिन् ।

विरामीले आफुलाई सामान्य लक्षण देखिएपछि स्वास्थ्य परीक्षण गराउन आउने गरेका छन् । छिटो छिटो पिसाब लाग्ने, बढी भोक लाग्ने, तौल बढ्दै जाने( शरीर मोटाउँदै जाने), निद्रामा समस्या हुदाँ समेत मधुमेहको लक्षण हुने शहरी स्वास्थ्य केन्द्र २९ का शहरी स्वास्थ्य केन्द्रका स्वास्थ्यकर्मी विशाल पौडेल बताउँछन् । 'चोट पटक लाग्यो भने लामो समयसम्म निको नभए मधुमेहको लक्षण हो भन्ने बुझ्न् सकिन्छ ।' उनले भने-'नसर्ने रोग भएपनि स्वास्थ्य जाँच भने निरन्तर गर्नुपर्छ ।' खासगरी मोटोपनले बढी मधुमेहको लक्षण देखा पर्ने स्वास्थ्यकर्मीको अनुभव एवं बुझाई छ । पोखरा २९ कै अर्का विरामीले शहरीया जीवन शैलीकै कारण मधुमेहको समस्या बढ्दै गएको बताउँछन् ।

कतिपय बंशाणुगत हुने गरेका छन् । कतिपय उमेरले । कतिपय युवापुस्तामै मधुमेह हुदाँ स्वास्थ्यप्रति सचेत बन्नुपर्ने स्वास्थ्यकर्मी बताउँछन् । 'वर्षमा २/३ सयको स्वास्थ्य परीक्षण गर्दा आधाआधी जसो महिला तथा पुरुषलाई मधुमेह भएको रिपोर्ट निस्किएको छ ।' स्वास्थ्य स्वयंसेविका सीता पोखरेलले सुनाईन-'उच्च मधुमेह भएकालाई अस्पताल रिफर गर्छौ । बोर्डरमा पुगेकालाई कन्ट्रोल गर्न प्रेरित गर्छौ ।' उनका अनुसार नेपाल विकास समाजकै सक्रियतामा टोल टोलीमा स्वास्थ्य परीक्षण गर्दै मधुमेहप्रति सचेतना अभियान चलाइएको छ । स्वास्थ्य परीक्षण गर्ने किट समेत समाजले उपलब्ध गराउँदै आएको उनले सुनाईन् । किट उपलब्ध भएपछि फरक फरक टोलीमा पुगेर स्वास्थ्य परीक्षण शुरु गर्ने गरिएको उनले बताईन् । नेपाल विकास समाज नामक गैर सरकारी संस्थाले गरेको अध्ययनले कोभिड-१९ले निम्त्याएको समस्याकै मानिसमा मोटोपन बढेको ठहर गरेको छ । संस्थाका कार्यक्रम संयोजक पवित्रवाबु सोतीले ४ हजार ६ सय ९२ जनामा गरिएको अनुसन्धानबाट १०.५ प्रतिशतलाई मधुमेहको समस्या रहेको उनले बताए । दैनिक प्रयोग गरिने नूनकै कारण रक्तचापको समस्या निम्तिने गरेको छ । दैनिक ५ ग्राम नून उपभोग गरे शरीरलाई पुग्छ । तर सर्वसाधारणले १३.९ ग्राम नून दैनिक उपभोग गरिरहेको समेत अध्ययनले देखाएको छ । यसले दैनिक खानपानकै कारण पनि सर्वसाधारण वर्षेनी रक्तचाप, मधुमेह लगायतका रोगबाट ग्रसित हुदैं गएका छन् । रोग न्युनिकरणको लागि सर्वसाधारणले दैनिक खानपानमा विशेष ध्यानदिनुपर्ने समेत कार्यक्रम संयोजक सोतीले स्पष्ट पारे ।

# दर्मिजाका तातोपानी कुण्ड व्यवस्थित गरिँदै

पोखरापत्र संवाददाता
म्याग्दी, १४ चैत

उत्तरी म्याग्दीको रघुगङ्गा गाउँपालिका-४, दर्मिजामा रहेका प्राकृतिक तातोपानीका कुण्ड जानका लागि बाटो र कुण्डमा भौतिक पूर्वाधार निर्माण भएपछि दुर्गम स्थानमा रहेका तातोपानी कुण्ड व्यवस्थित बनेका छन् । दर्मिजा गाउँको पुछारमा रघुगङ्गा नदीको किनारमा रहेको मुहानबाट ५० डिग्री सेल्सियसभन्दा बढी तापक्रमको तातोपानी निस्कने गर्दछ ।

प्राकृतिक तातोपानीमा डुब्दा विभिन्न रोग निको हुने विश्वास गरिन्छ । यस अगाडि सानो पोखरी रहेकामा गतवर्ष जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय म्याग्दीको सहयोगमा पोखरी निर्माण गरिएको तातोपानी पूर्वाधार निर्माण उपभोक्ता समितिका अध्यक्ष बिप्रसाद पुनले जानकारी दिनुभयो । रघुगङ्गा नदीको किनारमा अलगअलग ठाउँमा चार पोखरी बनाइएको छ । कुण्डमा जाने ठाउँको दक्षिणतर्फ जल बराहको मन्दिर छ । मन्दिरको दाहिनेतर्फ रहेको पोखरीमा प्लाष्टिकको छाना हालिएको छ । सो पोखरीमा एक पटकमा २५ जनासम्मले डुबेर उपचार सेवा लिँदै आएका छन् । मन्दिरको देब्रेतर्फ सानाठूला गरी तीन पोखरी छन् । एउटा पोखरीमा २० जना, अर्कोमा १० जना र तेस्रो पोखरीमा पनि १० जनाले एकसाथ बसेर डुब्नसक्ने गरी पक्की पर्खालसहित निर्माण गरिएको छ । यी पोखरी निर्माण गर्न जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयले रु ३५ लाख सहयोग गरेको थियो । कोरोनाको जोखिमका बेलामा पनि स्थानीय मजदुर परिचालन गरि पोखरी निर्माण गरिएको दर्मिजा तातोपानी कुण्ड व्यवस्थापन समितिका पूर्वअध्यक्ष तबहादुर शेरपूजाले बताउनुभयो । सो मुहानको पानी सङ्कलन गरे छालासम्बन्धी रोग, चोटपटक, बज्रिएको, सुन्निने जस्ता समस्या निको हुने विश्वास छ । यहाँ स्नान गर्न आउने पाहुना तथा पर्यटकलाई बस्न मिल्ने स्थानको निर्माण पनि यस अगाडि भइसकेको स्थानीय ललिता गर्बुजाले बताउनुभयो । यस पोखरीको नजिक एउटा आर्कषक झरना रहेको छ । गण्डकी प्रदेशसभा सदस्य विनोद केसीको पहलमा यो योजनाका लागि बजेट विनियोजन गरिएको हो । यस स्थानलाई सुरक्षित राख्न अहिले तटबन्धको कार्य भइरहेको अध्यक्ष पुनले जानकारी दिनुभयो ।

# नेपालद्वारा पपुवा न्यूगिनी पराजित

रासस
काठमाडौं, १४ चैत

त्रिकोणात्मक टी-ट्वान्टी अन्तर्राष्ट्रिय क्रिकेट सिरिजअन्तर्गत पहिलो खेलमा नेपालले पपुवा न्यूगिनीलाई पराजित गरेको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको खेलमा नेपालले पपुवा न्यूगिनीलाई १५ रनले पराजित गर्दै प्रतियोगितामा विजयी सुरुआत गरेको हो । नेपालले दिएको १८४ रनको लक्ष्य पछ्याएको पपुवा न्यूगिनी १९ दशमलव २ ओभरमा सबै विकेट गुमाउँदै १६८ रनमा समेटियो । पपुवा न्यूगिनीका लागि नोरमान भानुले सर्वाधिक ५२ रनको योगदान दिए । उनले २९ बल खेल्दै ४ छक्का र ५ चौका प्रहार गरे । यस्तै सेसे बाउले ३०, चार्ल्स अमिनीले २२, लेगा सिएकाले २१, चाड सोपरले १३, कप्तान असद भालाले ७, टोनी उराले ५, तथा रिले हेकुरे ३ रन बनाए ।

बलिङतर्फ नेपालका लागि करण केसी र सन्दीप लामिछानेले तीन तीन, अविनाश बोहराले दुई र सोमपाल कामीले एक विकेट हात लिए ।

यसअघि टस हारेर पहिला ब्याटिङ गर्दै नेपालले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १८३ रन बनायो । नेपालका लागि आसिफ शेखले सर्वाधिक ४३ रन बनाए । यस्तै रोहित पौडेलले ३४, आरिफ शेखले ३१, कुशल भूर्तेलले २०, करण केसीले १९, कुशल मल्लले ११, लोकेस बमले ५, दीपेन्द्रसिंह ऐरीले ४ तथा सोमपाल कामी र सन्दिप लामिछानेले एक एक रन बनाए । बलिङतर्फ पवुवा न्यूगिनीका चार्ल्स अमिनी, अलेइ नाओ र चाड सोपरले दुई दुई तथा नोरमान भानु र रिले हेकुरेले एक एक विकेट लिए ।

जीतसँगै नेपालले २ अङ्क जोडेको छ । नेपाल, पपुवा न्युगिनी र मलेसिया सम्मिलित सिरिजमा अब नेपालले दोस्रो खेल बुधबार मलेसियासँग खेल्नेछ । मङ्गलबार पपुवा न्यूगिनी र मलेसियाबीच खेल हुनेछ ।

# म्याग्दीमा फस्टाउँदै पर्यापर्यटन

पोखरापत्र संवाददाता
म्याग्दी, १४ चैत

म्याग्दीकावनजङ्गलयतिबेला लालीगुराँस फुलेर राताम्यै भएका छन्।वनैभरिफुलेकोलालीगुराँससँग मनै अघाउञ्जेल रमाएर हेर्न सहरबजारबाट युवायुवतीको भीड लेकका जङ्गलतिर उक्लिएको छ ।

म्याग्दीको सदरमुकाम बेनीबजारबाट भकिम्लीको जङ्गलमा साथीसँग घुम्न आउनुभएकी पुनम रोका लालीगुँरासलाई छेउमा राखेर तस्बिर लिन व्यस्त हुनुहुन्थ्यो । उहाँसँगै आएका साथी पनि लालीगुँरासमा रमाउँदै फोटो खिच्न व्यस्त देखिन्थे ।

छर्लङ्ग खुलेको छ आकाश । मुसुक्क मुस्कुराए जस्तै देखिएका छन् हिमाल । लालीगुराँस फुलेर राताम्यै भएका छन् पहाड । प्रकृतिमा बैंस चढेको छ र बैंसालु प्रकृतिसँग रमाउँदै आनन्द मनाउन बाक्लै युवायुवती पहाडतिर उक्लिएका छन् । लालीगुराँसका कारण म्याग्दीको पर्यापर्यटन फस्टाएको छ ।

फागुनदेखि जेठ महिनासम्म वनजङ्गलमा लालीगुराँस फुल्ने गर्दछ । म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको पर्यटकीय क्षेत्र पुनहिल, घोरेपानी, राम्चे, घारलगायत क्षेत्रको अधिकांश वनपाखामा गुराँस फुलेर राताम्य भएको छ । यसैगरी रघुगङ्गा, मङ्गला, मालिका र धवलागिरि गाउँपालिका तथा बेनी नगरपालिकाको पर्यटकीयस्थल केभहिल, भकिम्लीलगायत क्षेत्रमा पनि गुराँस फुलेको छ । लामो समय कोरोना भाइरस र लकडाउनका कारण घरभित्रै बस्न बाध्य नेपाली पर्यटकीय मौसम सुरु भएपछि बिदा मनाउन तथा साथीभाइसँग पर्यटकीय क्षेत्रको भ्रमणमा निस्किएका छन् ।

उत्तरी अन्नपूर्ण गाउँपालिका-६ घारस्थित समुद्री सतहदेखि दुई हजार ८७४ मिटरको उचाइमा अवस्थित घोडेपानी तथा तीन हजार २१० मिटरमा रहेको पुनहिल आसपासको वनजङ्गल क्षेत्रमा विभिन्न प्रजातिका गुराँस फुलेको स्थानीयवासीले बताएका छन् । नेपालको वनजङ्गलमा ३१ प्रजातिका लालीगुराँस पाइने पहिचान भए पनि घोरेपानी क्षेत्रमा मात्रै विभिन्न ८ प्रजातिका गुराँस फुल्ने गरेको अनुमान छ । हातैभरि गुराँसका फूल लिएका युवायुवती जङ्गलमा बाक्ले देखिन थालेका बेनी नगरपालिका-३ का जगबहादुर रोकाले बताउनुभयो । "जङ्गलैभरि लालीगुराँस र गुराँस हेर्न आएका युवायुवती मात्रै देखिन्छन् । कोही फोटो खिचिरहेका त कोही टिकटक बनाइरहेका हुन्छन्", रोकाले भन्नुभयो । लामो पात, झ्याम्म रुख राता फूलहरुले जङ्गललाई सिँगारेको छ । पर्यटनका कारण सुनसान बनेका यहाँका पर्यटकीयस्थलमा यतिबेला चहलपहल बढेको र नजिकैबाट प्रकृतिलाई नियाल्न र बुझ्ने अवसर पनि पाएको स्थानीय कृष्ण गौतमले बताउनुभयो । म्याग्दीका ग्रामीण क्षेत्रका जङ्गलमा यस वर्ष विगतका वर्षभन्दा राम्रोसँग लालीगुराँस फुलेको छ ।

लालीगुराँससँगै रमाउने र तस्बिर खिचाउनेमा युवा पुस्तामात्रै होइन, जनप्रतिनिधिदेखि लिएर राजनीतिक दलका नेता, कर्मचारी, विद्यार्थी पनि रहेका छन् । सामान्यतया चैत-वैशाखमा फुल्ने लालीगुराँस यसवर्ष साविक भन्दा पहिले नै फुलेको छ । फागुनको मध्यदेखि कोपिला लाग्न सुरु हुने लालीगुराँस यसवर्ष भने फागुनको दोस्रो सातामा नै ढकमक्क फुलेको हो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १३ बाँझापाटन तमु समाजको अफिस निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नामः बाँझापाटन तमु समाज अफिस कोठा निर्माण**
**स्थानः पोखरा-१३ कास्की**
**योजना सम्झौता मिति : २०७८/१०/११ गते**
**योजना शुरु भएको मितिः २०७८/११/०१ गते**
**योजना सम्पन्न भएको मितिः २०७८/११/३० गते**
**योजना सम्पन्न मिति : २०७८/१२/ २९ गते**
**योजनाको कुल लागत : रु. ६००२५८/९१**
**पूर्वाधार विकास कार्यालयबाट : रु. ५,००,०००/-**
**जन सहभागितावाट : रु.४८,५००/-**
**बाँझापाटन तमु समाजबाटः ५१७५८/९१**

कृष्ण बहादुर गुरुङ
अध्यक्ष तथा
**बाँझापाटन तमु समाज उपभोक्ता समिति**
पोखरा-१३ कास्की



**Provincial Government**
**Ministry of Youth and Sports**
**Gandaki Province, Nepal**

## Invitation for Sealed Quotation

**First date of Publication: 29 March 2022 (2078/12/15)**

1. Ministry of Youth and Sports, Gandaki Province invites following sealed quotation (SQ) under e-procurement system from the eligible national bidders for the procurement of goods of following contract.

| S.N | Contract No. | Descriptions of Works | Bid Security Amount (NRs) | Price of Bidding Documents (NRs) | Estimated Amount without VAT (NRs) | Last date of bid submission |
|---|---|---|---|---|---|---|
| 1 | MOYSG/ SQ/G/02/2078/79 | Supply and Delivery of Scooter and Motorcycle for Youth and Sports Ministry, Gandaki Province | 33000.00 | 1,000 | 1106194.69 | 13 April. 2022, 12:00 hrs |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Ministry of Youth and Sports, Gandaki Province. Telephone 061-590242, Email: moys.gandaki@gmail.com or may visit PPMO website: www.bolpatra.gov.np/egp